श्री शनि महामृत्युञ्जयस्तोत्र तथा गजेन्द्र मोक्ष



अनुवाद तथा लेखिका

श्रीमती इन्दिरा कोइराला

[illegible]

श्रीमान हिरण्यरमण रेग्मीज्यूमा समर्पण
२०५५/५/१६

श्री शनि महामृत्युञ्जयस्तोत्र

तथा

गजेन्द्र मोक्ष

(मूल संस्कृत र अनुवाद तथा श्लोकवद्ध भाषा)

लेखिका

श्रीमती इन्दिरा कोइराला

श्री शनि मृत्युञ्जयस्तोत्र

तथा

गजेन्द्र मोक्ष

(मूल संस्कृत र अनुवाद तथा श्लोक वद्धभाषा)

प्रकाशक

श्री रामनाथ कोइराला

का.म.न.पा. ७

चावहिल "शान्ति गोरेटो" काठमाडौं च. २-२८०

फोन नं. ४७९६०५

प्रथम संस्करण १००० (एक हजार) प्रति

प्रकाशन मिति:- २०५४ चैत्र ३० गते आइतवार

मुल्य रु.:-४१।-

लेखिकाको पहिलो कृति:-

अध्यात्म उपदेश तथा

पाञ्चायत महिमा

कम्प्यूटर तथा मुद्रण: शीला प्रिन्टर्स, फोन नं. ४१८०९४

प्रकाशकिय

यो “शनि मृत्युञ्जय तथा गजेन्द्र मोक्ष” को मूल संस्कृत सहितको भावानुवाद लेखिकाको दोश्रो प्रयास हो । यस भन्दा अघि २०५१ सालमा पहिलो प्रयास स्वरूप “अध्यात्म उपदेश तथा पाञ्चायन महिमा” पुस्तक प्रकाशन भइसकेको छ । त्यस पुस्तिकामा विभिन्न पुराणादिहरूबाट आफूले उपयुक्त ठानिएका आध्यात्मिक उपदेश समावेश गरी पाठकहरूलाई घच्घच्याउने प्रयास गरीएको छ भने पाञ्चायन महिमाको रूपमा श्री गणेश, श्री दुर्गा जगदम्वे, श्री नारायण, श्री सूर्य र श्री आराध्यदेव पशुपतिनाथ भनु वा देवाधिदेव महादेवको विभिन्न ज्योतिर्लिङ्गको वर्णन सहित पाञ्चायनको १०८ नामको स्तोत्र राखिएको छ । हिन्दू मात्रको आराध्य पाञ्चायन भनेको के के हो र पुजा पाठ गर्दा आराधना गरिने स्तोत्र एकै पुस्तिकामा समावेश हुन सकेमा त्यस्ता भक्तहरूको लागि सहज र सरल हुन सक्ने भावना यस पुस्तकले लिएको देखिन्छ साथै अध्यात्म उपदेशले सहिबाटो तर्फ लाग्न पाठकलाई प्रेरित गरेको देखिन्छ ।

यस “शनि मृत्युञ्जय तथा गजेन्द्र मोक्ष” को भावात्मक अनुवादले शनिमृत्युञ्जय भनेको को हुन र यस पाठको अर्थ वुझेर पाठ गर्दा वढी अनुप्रेरित रहुन भन्ने भावना लिएर अगाडि ल्याइएको छ भने गजेन्द्र मोक्षमा पनि गजेन्द्र को हुन ? किन भए ? कसरी भए ? उनलाई मोक्ष किन चाहियो ? कस्ले गरायो ? आदि इत्यादिको वोध गराउन प्रयास भएको देखिन्छ । यस प्रयासमा एकातर्फ मृत्युञ्जय भगवान देवाधिदेव महादेवले लोमस ऋषि कसरी चिरञ्जिवी भए भन्ने कुरा अर्थ्याउन खोजिएको छ भने अर्को तर्फ गजेन्द्रलाई विपदमा परेको अवस्थामा सद्भक्ति पूर्वक भगवान नारायणको आराधना गर्दा भगवानले ती आतुर रहेको भक्तप्रति वाहनको वास्ता नगरी मनोवेगमा त्राण दिइ रक्षा गर्न र त्यस्ता जीवलाई मोक्ष दिन कत्तिपनि विलम्व नगरेको अवस्था देखाएको छ ।

यस प्रयासमा पनि सफलता मिल्ने भरोसा राखेको छु ।

रामनाथ कोइराला

भूमिका

भगवानका श्रृष्टिमा धेरै प्रकारका प्राणीहरू यस संसारमा उत्पत्ति भएका हुन्छन् । ती मध्ये मानिस विवेकशिल प्राणी भएकोले श्रृष्टि चक्रमा अग्रस्थान ओगटन सफल पनि भएका छन् ।

प्राणीहरू जन्मिएपछि केहिनकेहि नगरी चुपलागेर बस्न सक्तैनन् । त्यसैको फलस्वरूप, ध्यानी ध्यानमा, ज्ञानी ज्ञानमा वैज्ञानिकहरू विज्ञानमा लागेका छन् भने ज्योतिषीहरूले भविष्य पत्ता लगाउन सफल भएका छन् । वास्तवमा यी सबैको उद्देश्य एउटै तारमा अर्थात एकै धागोमा उनिन पुगेको हुन्छ जस्तो चन्द्र ग्रहण, सूर्य ग्रहणमा ज्योतिषीहरूले जुन तिथि मिति र समय तोकेको हुन्छ बैज्ञानिकहरूले पनि त्यसैलाई पुष्टि गर्दछन् र त्यहि समयमा ग्रहण लाग्दछ फरक पर्दैन ।

संसारका सबैकुरा मानिसले गर्न सके पनि बुढयाँइ र रोगबाट बच्न, मृत्युलाई जित्न भने कसैले सकेका हुँदैनन् तापनि हाम्रो धर्म शास्त्रहरूको आधारमा मार्कण्डेय, वलि, ब्यास, हनुमान, विभिषण, अश्वस्थामा, कृपाचार्य परसुराम, प्रल्हाद जस्ता माहामूनिहरूले मृत्युलाई जितेर चिरायु भएका छन् । अज्ञानीहरू यो भौतिक स्थुल शरीरलाई नै म र मेरो भन्ने गर्दछन् र मर्दछन् पनि तर ज्ञानीहरूको सोचाइमा उनिहरूको आत्मा कहिल्यै मर्दैन जिर्ण शरीर मात्र फेर्दछन् । देवताहरू पनि मनुष्य भई पृथ्वीमा आउन लालयित हुन्छन् किनभने ज्ञान, ध्यान, योग जस्ता मानिसको चरित्रले नै आनन्दरूप भगवानलाई प्राप्त गर्न सफल भई चीरशान्तिमा रम्दछन् ।

भयमा मृत्यु हुन्छ भने अभयमा चीरजिवी । श्रीमद्भागवत भन्दछ-

मर्छु भन्ने पशु वुद्धि हो, जानोस मर्ने होइन है ।
जन्म मरण हो शरीर मात्रको आत्माको त होइन है ॥

चिरञ्जिवीहरूमा लोमश ऋषि व्रम्हा सरहनैं हुनु हुन्थ्यो । एक कल्प वित्दा वहाँको शरीरको एक रौं मात्र झर्दथ्यो रे ।

कल्प भनेको कति समय हो त भन्दा यसरी गणना भएको पाइयो ।

मानिसको एक वर्ष पितृको एक दिन, पितृको एक वर्ष देवताको एक दिन, देवताको प्रत्येक चार युग (सत्य, त्रेता, द्वापर, कलि) वितेपछि स्वर्गमा अर्को इन्द्रको पालो आउँछ । चौधवटा इन्द्रको पालो सकिएपछि मन्वन्तर फेरिन्छ अर्थात अर्को मनुको पालो आउँछ । यसरी चौध मन्वन्तर वित्दा व्रम्हाको एक दिन एक रात वित्दछ यहि व्रम्हाको एक दिन रातलाई कल्प भनिन्छ । एक कल्प वित्दा एक रौं झर्ने लोमश ऋषिको आयु किटान भएको भने पाइँदैन ।

मार्कण्डेयको बारेमा भने उनी सात कल्पसम्म चिरायु हुनेछन् भनिएको प्रसङ्ग **"मार्कण्डेय पुराण"** र नारद पुराणमा उल्लेख भएको पाइन्छ ।

मृकण्डु ऋषि ज्यादै धर्मात्मा र तपस्वी थिए तापनि उनको सन्तान् भएनन् । सन्तानको लागि अनेक तप गर्दा भगवान प्रकट हुनुभयो र पाँच वर्षसम्म मात्र आयु भएको छोरा पाउने वर दिनु भयो । छोरा जन्मिएपछि मार्कण्डेय नाम राखियो । पाँचवर्षको मात्र

आयु भएको हुनाले सातदिन अगाडिनै व्रतबन्ध गरेर कर्मचलाईदिने निधो भयो । व्रतवन्धको अवसरमा भगवान नारायण, व्रम्हा, नारद ऋषि तथा सप्तर्षिहरूलाई समेत निमन्त्रणा गरियो अनि बालकलाई सिकाइयो सबैसँग विनम्र भएर दर्शन गर्नु र आर्शिवाद लिनु । बालकले पनि सिकाए जस्तै गर्दैगए । यत्तिकैमा सप्तर्षिलाई दर्शन गर्दा वावु ! चिरञ्जिवी भए भनी उठाउनु भयो त्यसपछि नारद ऋषिले हाँस्दै भन्नु भयो जसको आयु सात दिन मात्र बाँकि छ उसैको नाम चिरंजिवी ? सप्तर्षिहरूलाई अप्ठेरो पर्न नपाउँदै व्रम्हाले झट्ट उठेर भनिदिनु भयो हैन हैन मेरो सात दिन पो भनेको त । व्रम्हाको सात दिन सात कल्पहुँदो रहेछ भनेर माथिनै वयान गरिएको छ । यसरी सात कल्पसम्म बाँच्न सफल भएका मार्कण्डेय महामूनिले पनि मृत्युञ्जय भगवान सदा शिवको आराधना गर्दथे भनी लोमश ऋषिले व्रम्हालाई वताउनु भएको छ ।

यस्ता भगवानको स्तुति गरिएको मृत्युञ्जय स्तोत्र संस्कृत भाषामा मात्र भएकोले यसको अर्थ सबै नेपालीले बुझ्न सकेको हुँदैन र महिमा पनि थाहा नपाएका र विशेष गरी अझै नारीजातीहरूले पनि यसको अर्थ बुझेर आफ्ना परिवार र समाजलाई समेत सार्थक बनाउन सकुन भन्ने हेतुले भगवान योगमाया जगदम्बा माताद्वारा मृत्युञ्जय पाठ गर, अनुवाद समेत गरेर प्रकाशन गर भन्ने आज्ञालाई शिरोधार्य गर्दै यो स्तोत्र अनुवाद गरी प्रकाश गराउने कोशिष गरेको हुँ । संस्कृत भाषामा भने आफ्नो अल्पज्ञान मात्र भएतापनि मेरा पुज्य पिताजी पं. नारायणप्रसाद चालिसेसँग सहयोग लिई यो पुस्तिका तयार पारेको हुँ । त्रुटि तथा गल्ति भएका छन् भने उनै मातृसक्ति तथा मृत्युञ्जय भगवानसँग क्षमा माग्दछु ।

जो गर्दछन् प्रभु गरून छ लिला उनैको
लाग्दैन जोड प्रभु विना अरूता कुनैको
हुकुम विना प्रभुजीको रूखको त एक पात
मुस्किल छ हल्लिन पनि यहि जान्दछु वात ॥

गुहेश्वरी पशुपति र गणेश्वरैमा
माता पिता गुरुहरू अनि वन्धुजनमा ।
गर्छु समर्पण म सज्जनका चरणमा
प्रकाशनै गरिदिने पतिदेव गुरुमा ॥

विनिताः- श्रीमती इन्दिरा कोइराला

वन्दना

परव्रम्ह गुरु गणेशको

१. भजन गर्छु गणेशजीको आनन्द रूप इश्वरको
परव्रम्ह श्री गणेशजीको, ब्रम्हरूप एक देवको ।
तिमीनै हौ निराकार, शेष युक्त छौ शाकारको ।
भजन गर्छु प्रकाशमान, चिदानन्द स्वरूपको ॥

२. भजन गर्छु गणेशजीको आनन्द रूप ईश्वरको
ध्यान गर्ने मूनिहरूले, आकाश स्वरूप ज्ञान गम्यको ।
ज्ञान रूप जगतका कारण, देवताका आदिदेवको
पार लगाउने भक्तलाई, भजन गर्छु गौरी पुत्रको ॥

३. जगत ब्यापक देवको मालिक, विश्वदेव गणेशको
दुवै योगका व्रम्हरूप, श्रुति जान्ने परम देवको ।
सफल पार्ने सबै कार्य, अचिन्त्य रूप स्वामिदेवको
मालिक हौ सर्व विद्याको, जगतका कारण स्वरूपको ॥

४. परव्रम्हरूपको भजन गर्छु, गौरीपुत्र श्री गणेशको
सदा योग्य सत्यमा हर्षित व्रम्हरूप गणेशको ।
नास गर्छौ देवका शत्रु पालना गर्छौ यस जगत्को
लीला गर्ने अनेकावतार, साधुका माला ज्ञानरूपको ॥

५. नास गर्छौं तमोगुण, योगीहरूको ज्ञान देवको
उद्धार गर्ने जगतलाई, भक्तलाई तार्ने नौका स्वरूपको ।
धारण गर्दा त्रिनेत्रनै, समान हुन्छौ रूद्र देवको
बुझाउँछौं भक्तलाई, शास्त्रका प्रमाणले गुरुदेवको ॥

६. भजन गर्छु गणेशजीको नमस्कार छ सर्वरूपको
विकार हटाउने मूनिहरूको, अज्ञाननाश गर्ने ज्ञान देवको
वेदका सार तीनै बेदका, परव्रम्ह स्वरूपको
पान गराउने ज्ञानरूपी अमृत, शीतल स्वरूप चन्द्ररूपको ॥

७. आदर गर्छौं व्राम्हणहरूको, दुःखनाश गर्छौं दुखिहरूको
हटाउँछौ विकारादि, तिमीछौ वायु स्वरूपको
भार रूपहौ कला कौशलका, कारण रूप हौ संसारको
भजन गर्छु गणेशजीको, सदा शक्ति स्वरूपको ॥

८. प्रधान तत्व हो पंचतत्वको, कारण रूप हौ जगतको
व्याप्त छौ नी सवैतिर, पृथ्वि तिम्रै स्वरूपहो
सत असत कार्यरूप तिम्रो, गर्छौं लिला विश्वरूपको
भजन गर्छु शरण पर्छु, भोलेनाथ र गौरी पुत्रको ॥

९. भजन गर्छु गणेशजीको, आनन्द रूप इश्वरको
भजन गर्छु गणेशजीको, कार्यसिद्धि विनायकको ।
भजन गर्छु गणेशजीको, सदा शक्ति स्वरूपको
भजन गर्छु शरण पर्छु, भोलेनाथ र गौरी पुत्रको ॥

१०. सके राख्न हृदय गुफामा विघ्न वाधा हटाउँछन्
सूर्यले भ्रै प्रकाश छर्छन्, तम अज्ञान भगाउँछन् ।
भजन गर्दा गणेशजीको, दुःख हटछ मानिसको
नाउबाट माभ्रीले भ्रै पार लगाउने आदि देवको ॥

११. हे आद्य विश्वम्भर हजुर सदा खुसि हुनुहोस
कृपाले हे महामुने ज्ञानको कलम चलाउनुहोस ।
दिएर प्रसाद मलाई सदा सन्तुष्ट पार्नु होस
हजुरको चरणमा मेरो सदा वास रहि रहोस ॥

ओम् गुरु गणेशाय नमः

श्री जगदम्बास्तुति

अनन्ता नाम तिम्रो छ कोटीव्रम्हाण्ड नायिका
उमा महेश्वरी माता महेशानी प्रिया सदा ।
महाकाली तिमी माता कालै तिम्रो अधिनमा
ओम्कारेश्वरी तिमी नै विश्व व्रम्हाण्ड फैलिदाँ ॥

शंकटा नाम तिम्रो छ नाशछ्यौ शंकट विश्वको
दुर्गा भएर तिमीनै हर्छ्यौं दुर्गती जीबको ।
शताक्षी नाम तिम्रो छ जल दिन्छ्यौ जलोदरी
शाकम्भरी भई ख्वाउछ्यौ सागपात जगतभरी ॥

चण्डीका नाम तिम्रो भो चण्डमूण्ड विनाशीदा
कालरात्री तिमीनै हौ अन्धकार हटाउँदा ।
तिमी स्वाहा तिमी स्वधा तिमी पुज्या सव देवकी
विश्वेश्वरी जगद्धात्री स्थिती संहारकारीणी ॥

जगतकी जननी तिमी पाल्छ्यौ सवै चराचर
सीताको रूप लिएर मार्‍यौ रावण सरासर ।
विन्ध्यवासिनी नामै भो गोप घरमा जनम भई
कंसको प्राण हर्दियौ कृष्णकी वहिनी बनी ॥

व्रम्हा विष्णु सबै मिली स्तुति गरे महाशक्ती देवीको
चराचर जगत रचीदिदी भइन मातावनी जीवको ।
त्यस्तै आज मता उनै जननीको झुक्तै चरणमा हरे
लेखुँ सार महा-मृत्युञ्जय भनी उनकै शरणमा परें ॥

ॐ जय जगदम्बा माँ

शनिमृत्युञ्जयस्तोत्रम् *

श्री गणेशाय नमः । ॐ नमो मृत्युञ्जयाय ।

नन्दिकेश्वर उवाचः-

१. कैलासस्योत्तरे श्रृङ्गे शुद्धस्फटिकसन्निभे ।
तमोगुणविहीने तु जरा मृत्युविवर्जिते ॥

श्री गणेशलाई नमस्कार गर्दै ओम्कार रूपि भगवान मृत्युञ्जयलाई म नमस्कार गर्दछु ।
नन्दिकेश्वर भन्नु हुन्छ-
सेतो स्फटिक जस्तो स्वच्छ र रमणिय कैलासपर्वतको टुप्पोमा बस्नु भएको, बुढयाँइ र मृत्यु देखि अलग रहनु भएका, तमोगुँण हुँदै नभएका भगवान मृत्युञ्जयलाई म नमस्कार गर्दछु ।

२. सर्वार्थसम्पदाधारे सर्वज्ञान कृतालये ।
कृताञ्जली पुटो ब्रह्मा ध्यानासीनं सदाशिवम् ॥

सवैप्रकारको सम्पतिको आधार भएका, ज्ञानको भण्डार भएका, ध्यानमा रहनु भएका सदाशिवलाई ब्रम्हाजी हात जोडेर सोध्नु हुन्छ ।

* शिव ब्रह्मा संवाद

३. पप्रच्छ प्रणतो भूत्वा जानुभ्यामवनि गतः ।
सर्वार्थसम्पदाधार ब्रह्मा लोकपितामहः ॥

लोकका पितामह ब्रम्हाजीले सबै सम्पत्तिका आधार भगवान शंकरजीलाई घुँडा टेकेर हात जोडी नमस्कार गर्दै सोध्न लाग्नु भयो ।

ब्रह्मौवाचः-

४. केनोपायेन देवेश चिरायुर्लोमशोऽभवत् ।
तन्मे ब्रूहि महेशान लोकानां हितकाम्यया ॥

ब्रम्हा भन्नु हुन्छ-

हे देवताका ईश्वर, महेश, मूनिहरूमा श्रेष्ट लोमश ऋषि (जस्को चार युग विति सक्दा एक रौं मात्र झर्दछ) के उपायले अर्थात कसरी चिरायु भए सो कुरा लोकको हितको निमित्त मलाई भनिदिनु होस् ।

श्री सदाशिव उवाचः-

५. श्रृणु ब्रह्मन् प्रवक्ष्यामि चिरायुर्मुनिसत्तमः ।
सञ्जातः कर्मणा येन व्याधिमृत्युविवर्जितः ॥

सदा शिव भन्नु हुन्छ- हे ! मूनि म भन्दछु सुन तिमी यस्तो कर्म गर जुन कर्म गर्दा रोग र मृत्यु हट्दछ अर्थात चिरायु हुनेछौ ।

६. **तस्मिन्नेकार्णवे घोरे सलिलौघपरिप्लुते ।**
कृतान्तभयनाशाय स्तुतो मृत्युञ्जयः शिवः ॥

यो घोर संसारमा यमराजको भयबाट पार पाउने उत्तम कुरा के छ त भन्दा यसको भय हटाउन भगवान सदाशिव मृत्युञ्जय सक्षम हुनुहुन्छ वहाँ देखि वाहेक अरू कोहि छैन ।

७. **तस्य संकीर्त्तनान्नित्यं मुनिर्मृत्युविवर्ज्जितः ।**
तमेव कीर्तयन् ब्रह्मान् मृत्युञ्जेतुं न संशयः ॥

त्यसैले ती मृत्युञ्जय भगवानको सँधै किर्तन र ध्यान गर्नाले लोमस ऋषि मृत्यु देखि टाढा रहे अर्थात चिरायु भए । त्यसैले हे ब्रम्हण ! तिमी पनि मृत्युञ्जय भगवानको किर्तन गर । तिमीपनि चिरायु हुनेछौ त्यसमा शंका छैन ।

लोमश उवाच:-

८. ॐ देवाधिदेवदेवेश सर्वप्राणभृतांवर ।
प्राणिनामपि नाथस्त्वं मृत्युञ्जय नमोऽस्तु ते ॥

लोमश भन्नुहुन्छ-

हे देवताका पनि देवता देवेश्वर भगवान् ! हजुर सबै प्राणीहरूका प्राण धारण गर्नु हुन्छ, अनाथका नाथ पनि हजुरनै हुनुहुन्छ । यस्तो मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

९. देहिनां जीवभूतोऽसि जीवो जीवस्य कारणम् ।
जगतां रक्षकस्त्वं वै मृत्युञ्जय नमस्तुते ॥

सबै शरीरधारीहरूको र सम्पूर्ण प्राणीहरूको जीव, जीवहरूको कारण, जगतको रक्षक हजुरनै हुनु हुन्छ त्यसैले मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

१०. हेमाद्रिशिखराकार सुधावीचिमनोहर ।
पुण्डरीकपरंज्योति मृत्युञ्जय नमस्तुते ॥

हिमालको चुचुरोमा बस्नु हुने, अमृत स्वरूप सेतो कमलको फूल जस्तो मनोहर, जगतलाई प्रकाश पार्ने मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

११. ध्यानाधार महाज्ञान सर्वज्ञानैककारणा ।
परित्रातासि लोकानां मृत्युञ्जय नमस्तुते ॥

ध्यानीहरूको आधार, ज्ञानीहरूको महाज्ञान सबै ज्ञानहरूको कारण, सबैलोकलाई पवित्र गर्दै रक्षा गर्ने मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

१२. निहता येन कालेन सदेवासुरमानुषाः ।
गन्धर्वाप्सरसश्चैव सिद्धविद्याधरास्तथा ।

देवता, असुर, मनुष्य, गन्धर्व, अप्सरा, सिद्ध, विधाधर आदि जसलाई कालले मार्दछ त्यसलाई पनि हजुरनै वचाउनु हुन्छ ।

१३. साध्याश्च वसवो रुद्रास्तथाश्विनिसुतावुभौ ।
मरुतश्च दिशो नागाः स्थावरा जङ्गमास्तथा ॥

साध्यहरू, वसुहरू, अश्विनिकुमार मरूतगण, नाग, चल

अचल सवै प्राणीहरूलाई कालबाट हजुरनै बचाइ दिनुहुन्छ।

१४. जितः सोऽपि त्वया ध्यानन्मृत्युञ्जय नमस्तुते ॥

संसारका जो प्राणी हजुरको अर्थात मृत्युञ्जय भगवानको ध्यान गर्दछ ती सवै मृत्युबाट बच्दछन्।

१५. ये ध्यायन्ते परां मूर्तिम्पूजयन्त्यमरादयः।
न ते मृत्युवशं यान्ति मृत्युञ्जय नमस्तुते ॥

जसले हजुरको सक्कली स्वरूपको ध्यान गर्दछ र हजुरको मूर्तीको पूजा गर्दछन् तिनीहरू मृत्युको वशमा पर्दैनन् त्यसैले मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु।

१६. त्वमोङ्कारोऽसि वेदानां देवानां च सदाशिवः।
आधारशक्तिः शक्तीनां मृत्युञ्जय नमस्तुते ॥

हजुर वेदमा ओमकार स्वरूप हुनुहुन्छ र देवहरूमा हजुर सदाशिव हुनु हुन्छ। शक्तिहरूमा पनि हजुर शक्तिको आधारै हुनुहुन्छ त्यस्ता भगवान मृत्युञ्जयलाई म नमस्कार गर्दछु।

१७. स्थावरे जङ्गमे वापि यावत्तिष्ठति देहगः ।
जीवत्यपत्यलोकोऽयं मृत्युञ्जय नमस्तुते ॥

यस लोकमा जति जीवहरू उत्पत्ति भएका छन् र चल अचल जतिपनि प्राणीहरू छन् तिनीहरूको देहमा अन्तर्यामी रूपले वस्नु हुने मृत्युञ्जय भगवान श्री सदाशिवलाई म नमस्कार गर्दछु ।

१८. सोमसूर्याग्निमध्यस्थ व्योमव्यापिन् सदाशिव ।
कालत्रय महाकाल मृत्युञ्जय नमस्तुते ॥

चन्द्र सूर्य दुई नेत्र र अग्नि तेस्रो नेत्र भएका सदाशिव भगवान आकाश रूपले ब्यापक हुनु हुन्छ वहाँनै तीनै कालका (भुत, भविष्य, वर्तमान) स्वामि हुनुहुन्छ यस्ता मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

१९. प्रबुद्धे चाप्रबुद्धे च त्वमेव सृजसे जगत् ।
सृष्टिरूपेण देवेश मृत्युञ्जय नमस्तुते ॥

वुद्धिमानमा पनि अति वुद्धिमान भएर हजुरले यो जगत सृजना गर्नु भएको छ । सृष्टि रूपमा पनि हजुर देवताको

इश्वर हुनुहुन्छ त्यसैले भगवान मृत्युञ्जयलाई म नमस्कार गर्दछु ।

२०. **व्योम्नि त्वं व्योमरूपोऽसि तेजः सर्वत्र तेजसि ।**
ज्ञानिनां ज्ञानरूपोऽसि मृत्युञ्जय नमस्तुते ॥

हजुर आकाश स्वरूप हुनुहुन्छ अर्थात् हजुरको उपमा दिने कुनै वस्तु यस संसारमा छैन । तेजहरूमा तेजको स्वरूपै हजुर हुनुहुन्छ । चन्द्र सूर्य नै हजुरको नेत्र हो र ज्ञान रूपै हजुर हुनुहुन्छ त्यसैले हजुर मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

२१. **जगज्जीवो जगत्प्राणः स्रष्टा त्वं जगतः प्रभुः ।**
कारणं सर्वतीर्थानां मृत्युञ्जय नमस्तुते ॥

हजुरनै जगतका जीवहरूका प्राण हुनुहुन्छ । हजुरनै जगतका मालिक भएर साक्षीरूपले जगतलाई हेर्नु हुन्छ । सबै तीर्थहरूको कारण रूप मृत्युञ्जय भगवानलाई नमस्कार गर्दछु ।

२२. **नेता त्वमिन्द्रियाणां च सर्वज्ञानप्रबोधकः ।**
सांख्यायोगश्च हंसश्च मृत्युञ्जय नमस्तुते ॥

इन्द्रियहरूको मालिक हजुरनै हुनुहुन्छ । हजुरले सबै प्रकारको ज्ञानको बोध गराई दिनु हुन्छ । सांख्य योग सिकाउने र हंस स्वरूपले आत्मामा वास गर्ने मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

२३. रूपातीतः सरूपश्च पिण्डस्थपदमेव च ।
चतुर्युगकलाधार मृत्युञ्जय नमस्तुते ॥

पञ्च भौतिक शरिर भित्र हजुरको वासस्थान भएकोले हजुरको रूप यस्तो छ भनी भन्न सकिदैन । चारै युगको कलाको आधार मृत्युञ्जय भगवानलाई नमस्कार गर्दछु ।

२४. रेचके वहिरूपोऽसि सोमरूपोऽसि पूरके ।
कुम्भके शिवरूपोऽसि मृत्युञ्जय नमस्तुते ॥

हजुर योग स्वरूप हुनुहुन्छ । रेचकमा अग्नि स्वरूप कुम्भकमा शिव अर्थात् आनन्दरूप र पुरकमा अमृत रूप भएका मृत्युञ्जय भगवान सदा शिवलाई नमस्कार गर्दछु ।

२५. क्षयङ्करोऽसि पापानां पुण्डयानामपि वर्द्धनम् ।
हेतुस्त्वं श्रेयसां नित्यं मृत्युञ्जय नमस्तुते ॥

हजुरले नै पापको क्षय (नाश) गरी दिनु हुन्छ र पुण्य कर्मको बृद्धि गराई दिनु हुन्छ। नित्य श्रेयका कारणरूप मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

२६. सर्वमायाकलातीत सर्वेन्द्रियपरावर ।
सर्वेन्द्रियकलाधीश मृत्युञ्जय नमस्तुते ॥

हजुरनै इन्द्रियहरूमा स्थुल सुक्ष्म र कारण रूपले रहनु हुन्छ र माया देखि अतित हुनुहुन्छ । सबै इन्द्रियहरूको कलाको मालिक मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

२७. रूपं गन्धो रसः स्पर्श शब्द संस्कार एव च ।
त्वत्तः प्रकाश एतेषां मृत्युञ्जय नमस्तुते ॥

रूप, गन्ध, रस, स्पर्श, शब्द थाहा पाउने इन्द्रियहरूलाइ प्रकाश गरिदिनु हुने मृत्युञ्जय भगवानलाई नमस्कार गर्दछु ।

२८. चतुर्विधानां सृष्टीनां हेतुस्त्वं कारणेश्वर ।
भावाभावपरिच्छिन्न मृत्युञ्जय नमस्तुते ॥

चारै प्रकारका सृष्टिको उद्भिज (वनस्पतिबाट) स्वेदज (पसिनाबाट) अण्डज (फूलबाट) जरायुज (जन्मान्तर बाट) प्राणीहरूको अविछिन्न कारण रूप हजुरनै हुनुहुन्छ । भाव, अभावको नित्य रूप मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

२९. त्वमेको निष्कलो लोके सकलं भुवनत्रये ।
अतिसूक्ष्मातिरूपस्त्स्वं मृत्युञ्जय नमस्तुते ॥

यस त्रिभुवन लोकमा कलङ्क रहित एकमात्र परव्रम्ह हजुर हुनुहुन्छ । सानोमा पनि अति सानो रूपमा रहन सक्ने मृत्युञ्जय भगवानलाई नमस्कार गर्दछु ।

३०. त्वं प्रबोधस्त्वमाधार त्वद्वीजं भुवनत्रयम् ।
सत्वं रजस्तमस्त्वं हि मृत्युञ्जय नमस्तुते ॥

त्रिभुवनका प्राणीहरूलाई बुझाउने तथा ज्ञान दिने आधार वीज स्वरूप हजुरनै हुनुहुन्छ र सत्व, रज र तमोगुणको

मालिक पनि हजुर नै हुनु हुन्छ । त्यसैले म हजुरलाई वार वार नमस्कार गर्दछु ।

३१. **त्वं सोमस्त्वं दिनेशश्च त्वमात्मा प्रकृतेः परः ।**
अष्टात्रिंशत्कलानाथ मृत्युञ्जय नमस्तुते ॥

हजुरनै चन्द्रमा हुनुहुन्छ, हजुरनै सूर्य हुनुहुन्छ र प्रकृती भन्दा परका आत्मा पनि हजुर नै हुनुहुन्छ । हजुर अठतीस कलाले युक्त हुनुहुन्छ र अठतीसै कलाको मालिक मृत्युञ्जय भगवानलाई मेरो नमस्कार छ ।

३२. **सर्वेन्द्रियाणामाधारः सर्वभूतगुणाश्रयः ।**
सर्वज्ञानमयानन्त मृत्युञ्जय नमस्तुते ॥

सवै प्राणीहरूको इन्द्रियका आधार र गुँणहरू (सत्व, रज, तम) को आश्रय पनि हजुर हुनु हुन्छ । सबै प्रकाको ज्ञानले अर्थात अनन्त ज्ञानले युक्त मृत्युञ्जय भगवानलाई म हृदयदेखिनै नमस्कार गर्दछु ।

३३. **त्वमात्मा सर्वभूतानां गुणानां त्वमधीश्वरः ।**
सर्वानन्दमयाधार मृत्युञ्जय नमस्तुते ॥

हजुर सबै प्राणीहरूको आत्मा हुनु हुन्छ । गुँणहरूको इश्वर पनि हजुर हुनुहुन्छ । सबै प्रकारको आनन्द (भौतिक दैविक आध्यात्मिक आदि) रूपको आधार मृत्युञ्जय भगवानलाई नमस्कार छ ।

३४. त्वं यज्ञः सर्वयज्ञानां त्वं बुद्धिर्बोधलक्षणा ।
शब्दब्रह्ममत्वंमोङ्कारो मृत्युञ्जय नमस्तुते ॥

सबै प्रकारको यज्ञहरूमा हजुर यज्ञस्वरूप हुनुहुन्छ । वुद्धिको वोधको लक्षण पनि हजुर हुनुहुन्छ । शब्द ब्रम्हमा ओम्कार स्वरूपका मृत्युञ्जय भगवानलाई म नमस्कार गर्दछु ।

श्री सदाशिव उवाचः-

३५. एवं सङ्कीर्त्तयेद्यस्तु शुचिस्तद्‌गतमानसः ।
भक्त्या श्रृणोति यो ब्रह्मान् न स मृत्युवशो भवेत् ॥

भगवान श्री सदाशिव आज्ञा गर्नु हुन्छ :-
हे व्रम्हण ! यसरी शरीर र मन समेत शुद्ध भएर जो व्यक्ति भगवान मृत्युञ्जयको संकीर्तन गर्छ अथवा भक्तिका

साथ सुन्छ भने मात्र पनि त्यो मृत्युको वसमा पर्ने छैन ।

३६. न च मृत्युभयं तस्य प्रातः कालं च लङ्धयेत् ।
अपमृत्युभयं तस्य प्रणश्यति न संशयः ॥

त्यसलाई यमराजको भय हुँदैन । यमराजका दुतहरू त्यस्ता भक्त देखेर टाढैबाट भागेर जान्छन् अथवा मृत्यु टरेर जान्छ । निश्चय नै अल्पायुमा त्यसको मरण हुने छैन । त्यसमा शंका गर्नु पर्ने आवश्यकता छैन ।

३७. व्याधयो नोपपद्यन्ते नोपसर्गभयं भवेत् ।
प्रत्यासन्नान्तरे काले शतैकावर्तने कृते ॥

भगवान मृत्युञ्जयको स्तुति गर्नाले रोगहरू हटेर जान्छ र सरूवा रोगहरू (वाहिरि, भित्रि) कुनैले पनि आक्रमण गर्ने छैनन् । मृत्युञ्जय भगवानले उसलाई सँधै रक्षा गरिरहनु हुन्छ ।

३८. मृत्युर्नजायते तस्य रोगान्मुञ्चति निश्चितम् ।
पञ्चम्यां वा दशम्यां वा पौर्णामास्यामथापि वा ॥

पञ्चमी, दशमी, पुर्णीमा र प्रत्येक सोमवार मृत्युञ्जय भगवानको स्तुति गर्नाले निश्चयनै रोगहरूले छुँदैन मृत्युको डर पनि हुँदैन ।

३९. **शतमावर्तयेद्यस्तु शतवर्ष स जीवति ।**
तेजस्वी बलसम्पन्नो लभते श्रियमुत्तमाम् ॥

जसले उक्त तिथिमा सय आवृती मृत्युञ्जय पाठ गर्दछ त्यो व्यक्ति सयवर्ष वाँच्दछ र तेजिलो वलवान र श्रेयवान हुन्छ ।

४०. **त्रिविधं नाशयेत् पापं मनोवाक्कायसम्भवम् ।**
अभिचारणि कर्माणि कर्माण्याथर्वणानि च ।
क्षीयन्ते नात्र सन्देहो दुःस्वप्नश्च विनश्यति ॥

मन वचन र कर्मले गरेको सवै प्रकारको पाप नास हुन्छ र मनले चिताएको पुग्दछ । वोलेको कुरा पुग्दछ । व्यभिचारले गरेका कर्महरूको नास हुन्छ । खराब स्वप्न देखेको दोष पनि मृत्युञ्जय स्तोत्र पाठ गर्नाले हट्दछ । यसमा सन्देह छैन ।

४१. इदं रहस्यं परमं देवदेवस्य शूलिनः ।
दुःस्वप्ननाशनं पुणयं सर्वविघ्नविनाशनम् ॥

हातमा त्रिशुल लिनु हुने भगवान शंकरको यो रहस्यमय स्तोत्र हो यसको पाठ गर्नाले खराब स्वप्न नाश हुन्छ र सबै प्रकारका विघ्नवाधाहरू हट्दछन् ।

इति

श्री शिव र व्रम्हाको संवाद समाप्त भयो ।

* * *

१. ॐ नमो भगवते मृत्युञ्जयाय । *
ततो विष्ण्वर्पितमना मार्कण्डेयो महामतिः ।
तुष्टाव प्रणतो भूत्वा देवदेवं जनार्दनम् ॥

ओम्कार रूप भगवान मृत्युञ्जयलाई नमस्कार गर्दै नम्र भएर वुद्धिमान मार्कण्डेयले भगवान नारायणमा मन अर्पीएर देवताका पनि देवता जनार्दन भगवानको स्तुति समेत गर्न लाग्नु भयो ।

२. विष्णुनैवोपदिष्टं तु स्तोत्रं कर्णे महामनाः ।
सम्भावितेन मनसा तेन तुष्टाव माधवम् ॥

वुद्धिमान मर्कण्डेयले विष्णुमा मन लगाएर राम्रो संग बुझ्ने गरेर ती माधव भगवानको स्तुति गर्न लागे ।

३. ॐ नमो भगवते वासुदेवाय ।
नारायणं सहस्राक्षं पद्मनाभं पुरातनम् ।
प्रणतोऽस्मि हृषीकेशं किं मे मृत्युः करिष्यति ॥

भगवान वासुदेवलाई नमस्कार छ । हजार आँखा भएका, नाभिमा कमलको फूल भएका, स्रष्टिकाल भन्दा पनि पहिले देखि रहेका, पुराण पुरूष भगवान ऋषिकेशलाई म प्रणाम गर्दछु । त्यसैले मलाई मृत्युले के गर्न सक्तछ र ?

---

* विष्णु मार्कण्डेय सम्वाद

४. गोविन्दं पुण्डरीकाक्षमनन्तमजमव्ययम् ।
केशवं च प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति ॥

कमल गट्टाको जस्तो आँखा भएका, अनन्त अव्यय भगवान गोविन्द तथा केशव भगवानमा समर्पित भएको मलाई मृत्युले के गर्न गक्तछ र ?

५. वाराहं वामनं विष्णुं नारसिंहं जनार्दनम् ।
माधवञ्च प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति ॥

वराह, वामन, विष्णु, नृसिंह, जनार्दन र माधव नाम भएका भगवानमा समर्पित भएको मलाई मृत्युले के गर्न सक्तछ र ?

६. पुरुषं पुष्करं पुण्यं क्षेमबीजं जगत्-पतिम् ।
लोकनाथं प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति ॥

पुरुष, पुष्कर, पूण्यरूप, जगतका पति, अमृतवीज स्वरूपका लोकनाथ भगवानमा समर्पित भएको मलाई मृत्युले के गर्न सक्तछ र ?

७. भूतात्मानं महात्मानं जगद्योनिमयोनिजम् ।
विश्वरूपं प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति ॥

सम्पूर्ण प्राणीहरूको आत्मा, महात्मा, जगतस्वरूप, कुनै योनीबाट नजन्मिएर स्वयं पूर्ण, प्रकाशमान विश्वरूप भगवानमा समर्पित मलाई मृत्युले के गर्न सक्तछ र ?

८. **सहस्रशिरसं देवं व्यक्ताव्यक्तं सनातनम् ।**
महायोगं प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति ॥

सहस्र शीर भएका सनातन रूपले व्यक्त भएका महायोगी भगवानको शरणमा परेको मलाई मृत्युले के गर्न सक्तछ र ?

९. **इत्युदीरितमार्कण्य स्तोत्रं तस्य महात्मनः ।**
अपयातस्ततो मृत्युर्विष्णुद्वतैश्च पीडितः ॥

महात्मा मार्कण्डेयले रितपूर्वक यस्तो स्तोत्र पाठ गरे उनको अगाडि यमराजका दूतहरू र विष्णु दूत समेत आउन सक्तैनन् र मृत्यु पनि हुँदैन ।

१०. **इति तेन जितो मृत्युर्माकण्डेयेन धीमता ।**
प्रसन्ने पुण्डरीकाक्षे नृसिंहे नास्ति दुर्लभम् ॥

वुद्धिमान मार्कण्डेयले प्रसन्न भएर पुण्डरीकाक्ष भगवानको यस्तो स्तोत्र पाठ गरे जसलाई चिरायु हुन दुर्लभ भएन ।

११. **मार्कण्डेयहितार्थाय स्वयं विष्णुरुवाच ह ॥**

मार्कयण्डेयको हितको लागि स्वयं विष्णु भगवानले यो मृत्युञ्जय स्तोत्र प्रकाश पारिदिनु भएको हो ।

१२. **य इदं पठते भक्त्या त्रिकालं नियतः शुचिः ।**
नाकाले तस्य मृत्युः स्यान्नरस्याच्युतचेतसः ॥

जसले यो स्तोत्र भक्ति पुर्वक मन वचन र कर्मले सुद्ध भएर नियम पूर्वक पढ्दछ अथवा चित्त अर्पण गर्छ भने कालले त्यसलाई छुदैंन ।

१३. **हृत्पद्ममध्ये पुरुषं पुराणं नारायणं शाश्वतमादिदेवम् ।**
संचिन्त्य सूर्यादपि राजमानं मृत्युं स योगी जितवाँस्तदैव ॥

हृदयरूपी कमलगट्टामा शाश्वत रूपले सँधै वास गर्नु हुने आदिदेव नारायण पुराण पुरुष, भगवान सुर्यझै प्रकाशित हुनुहुन्छ । यस्ता हृदय कमल रूपी भगवानलाई जो भक्तले भज्छ अथवा योगीले ध्यान गर्दछ भने त्यस्ता भक्त तथा योगी दुवैले मृत्युलाई जितेको हुन्छ ।

इति श्री नरसिंह पुराणामा मार्कण्डेयले गर्नु भएको
मृत्युञ्जय स्तोत्र समाप्त भयो ।

ॐ तत्सत्

महाङ्काल शनैश्चरस्तोत्रंबारे

श्री गणेशाय नम: । वाघको छाला माथि वस्नु भएको हात्तीको छाला ओढ्नु भएको सर्पका गहना लगाउनु भएको जटामा गंगाजी धारण गर्नु भएका हातमा व्रमाण्ड रूप डमरू र त्रीताप नाश गर्ने त्रीशुल लिनु भएका देवाधिदेव महादेवको काखमा वस्नु भएकी महादेवीले हाँस्दै नम्र भएर भगवानसँग सोध्न लाग्नु भयो ।

हे भगवान ! हजुर देवताका पनि देवता हुनु हुन्छ । प्राणीहरूको उत्पत्ति र विनाशको कारण स्वरूप पनि हजुर हुनुहुन्छ । मानिसहरू संसारमा जन्मिए देखिनै रोग, दु:ख र अज्ञानले पिडित हुन्छन् । के उपायले अथवा कस्तो स्तोत्र पाठ गर्दा हजुरको भक्तहरू सवै प्रकारका विघ्न वाधा अथवा रोगहरूबाट हट्दछन् र उनिहरूको अकाल र अल्पायुमा मृत्यु हुनेछैन त्यो कुरा मलाई भन्नु होस् भन्दा अति गोप्य रहेको महाकाल शनैश्चर स्तोत्र भगवान सदाशिवले प्रकाश पारिदिनु भयो ।

भक्तहरूको उपकारका खातिर हातमा त्रीशुल लिनु हुने भगवान शंकर (सं=आनन्द, कर=गर्ने) को यो परम रहस्यमय स्तोत्र हो । यसको पाठ गर्नाले अकाल मृत्यु हुँदैन, उमेर नपुग्दैमा पनि मृत्यु हुँदैन र सबै प्रकारका रोगहरू शान्त हुन्छन् । जानी नजानी गरेको पापहरूको नाश हुन्छ र पुण्यको वृद्धि हुन्छ । खराब स्वप्नहरू समेत नाश भई सदा कल्याण गर्नु हुने आनन्दरूप भगवानको स्वरूप थाहा हुन्छ ।

यस्ता भगवानको महिमा मात्र प्रकाशमामा ल्याउने मेरो उद्धेश्य भएकोले ऋषिन्यास, करन्यास, देहन्यास आदि यसमा राखिएको छैन । शनिदेव भगवानको वन्दना गर्दै स्तुति पाठको अर्थमात्र जानकारीमा आवोस भन्नाको हेतुले अर्थ सहित राखिएको छ । भूल भएको भए आफ्नो भक्त सम्झेर भगवान गौरी तथा सदाशिवले नै क्षमा गर्नु हुनेछ ।

अस्तु ।

माहाङ्काल शनैश्चरस्तोत्रम्

७१. ध्यायेन्नीलं शनिघोरं त्रिपुरारिं त्रिदण्डकम् ।
खड्गं हस्ते दधानं तं वामदक्षिणयोः क्रमात् ॥
गृद्धोपरिगतं शुष्कं दीर्घाङ्गं कालमोचनम् ।
महाकालं शनिं शम्भु त्रिपुरारिं त्रिलोचनम् ॥

निलवर्ण भएका, त्रिपुरको नाश गर्ने, मन वचन र कर्मरूपी त्रिदण्ड लिनु भएका, वायाँ हातमा खडग लिनु भएका, दायाँ हातमा गदा लिनु भएका गृद्ध वाहन भएका, दुव्ला, ठूलो शरिर भएका महांकाल नाम गरेका त्रिपुरको शत्रु तीन वटा कालो आँखा भएका शनिदेवको ध्यान गर्दछु ।

७२. महोंग्रंक्रूरकर्माणां देवदेवं शनैश्चरम् ।
एवं ध्यात्वा ततो देवि स्तोत्रमेतत् पठेत् सदा ॥

हे देवी ग्रहहरूमा ठूलो क्रुर कर्म गर्ने देवताका पनि देवता महांकाल शनि शम्भुत्रिलोचन त्रिपुरारी भगवान शनिदेवको ध्यान गर्दै सदा यो स्तोत्र पाठ गर ।

७३. कालरूपिन्नमस्तेऽस्तु सर्वपापप्रणाशकः ।
त्रिपुरस्य वधार्थाय शम्भुजाताय ते नमः ।

त्रिपुरलाई दाह गर्न शम्भुको अग्नि नेत्र (क्रोध) द्वारा उत्पत्ती भएका सवै प्रकारको पापनाश गर्ने कालरूप शनिदेवलाई नमस्कार छ ।

७४. नमः कालशरीराय कालानुनय ते नमः ।
कालहेतोः नमस्तुभ्यं कालनन्दाय वै नमः ॥

कालो शरीर भएका, कालरूप आँखा भएका, कालका कारणरूप, काललाई आनन्द दिने भएका शनिश्चर देबलाई नमस्कार गर्दछु ।

७५. अखण्डदण्डमानाय त्वनाद्यन्ताय वै नमः ।
कालदेवाय कालाय कालकालाय ते नमः ।

पापीहरूलाई अखण्ड दण्ड दिइ रहने, अनादि पुरुष (आदि अन्त्य रहित) लाई नमस्कार छ। कालका पनि देवता, कालका पनि काल भएका शनिदेबलाई नमस्कार छ ।

७६. निमेषादिमहाकल्पकालरूपं च भैरवम् ।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

निमेष देखि कल्पसम्मका कालरूपी भैरव मृत्यञ्जय माहाङ्काल शनिदेबलाई नमस्कार गर्दछु ।

७७. दातारं सर्वभव्यानां भक्तानामभङ्करम् ।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

भक्तहरूलाई भव्य सम्पत्ति दिने, निर्भयदिने मृत्युञ्जय महाङ्काल शनिदेवलाई नमस्कार गर्दछु ।

७८. कर्त्तारं सर्वदुःखानां दुष्टानां भयवर्धनम ॥ मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ।

सबैप्रकारका दुःखका कारण स्वरूप भएका, दुष्टहरूलाई भय बढाई दिने मृत्युञ्जय महाङ्काल शनैश्चर देवलाई नमस्कार गर्दछु ।

७९. हर्त्तारं ग्रहजातानां फलानामघकारिणाम् ।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ।

अन्य ग्रहहरूको पीडालाई हटाई दिने भएका, आफ्ना भक्तहरूलाई चिताए बमोजिमको फल दिने भएका मृत्युञ्जय महाङ्काल शनिदेबलाई नमस्कार छ ।

८०. सर्वेषामेव भूतानां सुखदं शान्तमव्ययम् ।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ।

सबै प्राणीहरूलाई अव्यय सुख दिएर शान्त गराउने मृत्युञ्जय महाङ्काल शनैश्चरलाई नमस्कार छ ।

८१. **कारणं सुख-दुःखानां भावाभावस्वरूपिणम् ।**
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

सुख दुःखका कारण, भाव अभावका स्वरूप मृत्युञ्जय महाङ्काल शनिदेवलाई नमस्कार गर्दछु ।

८२. **अकालमृत्युहरणमपमृत्युनिवारणाम् ।**
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

अकाल मृत्यु हरण गर्ने भएका, अप मृत्यु निवारण गर्ने भएका मृत्युञ्जय महाङ्काल शनिश्चरदेवलाई नमस्कार गर्दछु ।

८३. **कालरूपेणा संसारं भक्षयन्तं महाग्रहम् ।**
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

संसारका सबै प्राणिहरूलाई कालरूप भएर खाईदिने महाग्रह मृत्युञ्जय महाङ्काल शनिश्चर देवलाई म नमस्कार गर्दछु ।

८४. **दुर्निरीक्ष्यं स्थूलरोमं भीषणं दीर्घलोचनम् ।**
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

हेर्दा ज्यादै डर लाग्दा, ठूलो ठूलो रौं भएका दुःखदायि आँखा अर्थात खराब दृष्टि भएका मृत्युञ्जय महाङ्काल शनिदेवलाई म नमस्कार गर्दछु ।

८५. ग्रहाणां ग्रहभूतं च सर्वग्रहनिवारणम् ।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम् ॥

प्राणिहरूलाई दुःख दिलाउने, सबै ग्रहहरूलाई दवाउने मृत्युञ्जय महाङ्काल शनिदेवलाई म नमस्कार गर्दछु ।

८६. कालस्य वशगाः सर्वे न कालः कस्यचिद्वशः ।
तस्मात्त्वां कालपुरुषं प्रणातोऽस्मि शनैश्चरम् ।

सम्पूर्ण प्राणिहरू कालको वशमा छन् तर काल कसैको वशमा छैन त्यसैले हजुर काल पुरुष रुप महाङ्काल शनिदेवलाई म नमस्कार गर्दछु ।

८७. कालादेव जगत्सर्वं काल एव विलीयते ।
कालरूपं स्वयं शम्भुः कालात्मा ग्रहदेवता ।

सबै संसार कालयुक्त छ र कालैमा विलिन हुन्छ । स्वयं परमात्मा शम्भु नै कालरूपमा छन् । ग्रहहरू र देवताहरू सबै कालकै वशमा छन् ।

८८. चण्डीशोरुद्रडाकिन्याक्रान्तश्चण्डीश उच्यते ।
विद्युदाकलितो नद्यां समारूढो समाधिपः ॥

हे ! शनिदेव हजुरको आड पाए भने चण्डी, रुद्र, डाँकिनी आदिले विजुली चड्किएको जस्तो नदीमा वाड आए जस्तै गरी दुःख दिइरहन्छन् ।

८९. चण्डीशः शुकसंयुक्तो जिह्वाया ललितः पुनः ।
क्षतजस्तामसी शोभी स्थिरात्मा विद्युता युतः ॥

हे शनिदेव हजुरको भरोसा हामीलाई छैन भने वोलेको कुरा उल्टो हुन्छ, राम्रो कुरा पनि दुःखदायी हुन्छ, स्थिर आत्मा पनि विचुत झैं चंचल हुन्छ ।

९०. नमोऽन्तो मुनिरित्येव शनितुष्टिकरः शिवे ।
आद्यन्तऽष्टोत्तरशतं मनुनेनं जपेन्नरः ।

हे शनिदेव हजुर मूनि जस्तै हुनुहुन्छ, हजुर कल्याण दायक हुनुहुन्छ, हजुर सन्तुष्ट हुनुहोस । आदि देखि अन्त्यसम्मको एक सय आठ नाम मानिसहरूले जप्नु पर्दछु । भगवान मृत्युञ्जय महाङ्काल शनिदेवको यहि पाठ मनुले पनि जपेका थिए ।

९१. यः पठेच्छृणुसाद्धापिध्यात्वा संम्पूज्य भक्तिनः ।
तस्य मृत्योर्भयं नैव शतवर्षावधिं प्रिये ॥

जसले शनि भगवानमा ध्यान लगाएर पुजा गर्छ आफैले पाठ गर्छ वा सुन्छ मात्र भने पनि हे प्रिये ! त्यसलाई सय वर्षसम्म मृत्युको भय हुँदैन भन्दै सदा शिवले भन्नु भयो ।

१२. ज्वरा सर्वे विनश्यन्ति दद्रुविस्फोटकच्छुकाः ।
दिवा सौरिस्स्मरेत् रात्रौ महाकालं यजम् पठेत् ।

जीर्ण ज्वरोहरू नाश हुन्छ, खटिराहरू र चिलाउने रोगहरू जान्छ । दिनमा भगवानको पुजागर्दा शनिदेव सम्झिएर गर्नु, रात्रीमा पुजा गर्दा महाङ्काल सम्झिएर पुजा गर्नु भनिएको छ ।

१३. जन्मर्क्षे च यदा सौरिर्जपेदेत्सहस्रकम् ।
वेधगे वामवेधे वा जपेदर्द्धसहस्रकम् ॥

जन्मलग्नमा शनि छ भने उसको लागि एक हजार आवृत्ति पाठ गराउनु पर्छ, नक्षत्र राशिमा वेध योग अथवा वायाँ (खराव) वेघ परेमा पनि एक हजार आवृत्त पाठ गराउनु पर्छ भनिएको छ ।

महाङ्काल शनिदेव मृत्युञ्जय भगवान भक्तहरूलाई शिवस्वरूप र भक्ति नगर्नेहरूलाई काल स्वरूप हुनुहुन्छ यस्ता भगवानको महिमा जानेर बुझेर एकाग्र चित्तले शिव स्वरूपमा समर्पित हुन सकियोस देवाधिदेव भगवानसँग यहिनै प्रार्थना छ ।

ॐ शनिदेवाय नमः

गजेन्द्रमोक्ष परिचय

भगवानका भक्तहरूले विभिन्न नौ प्रकारबाट भक्ति गरिरहेका हुन्छन् । ती हुन् भगवानका महिमाहरू श्रवण गर्नु, किर्तन गर्नु, सेवा गर्नु, अर्चना गर्नु, पुजा गर्नु, स्मरण गर्नु, दास्य भाव राख्नु, वन्दना गर्नु, सबै प्राणीहरूलाई भगवानको अंश सम्झिएर सम भाव राख्नु, आफुले गरेको र गरिने सबै कर्म भगवानमा समर्पण गर्नु ।

भगवानको भक्ति गर्दा साकार र निराकार दुवै रूपबाट गर्न सकिन्छ । भगवत कृपाबाट तत्ववोध भइ सकेपछि निराकार र साकारमा पनि भेद रहँदैन । वास्तवमा भगवान निरञ्जन, निराकार, निर्लेप, निरामय, अनन्तकोटि व्रम्हण्डका नायक, त्रिलोक पति, सर्व व्यापक तथा ॐ (ओमकार) स्वरूप हुनुहुन्छ । यस्ता भगवान को स्तुति "महामृत्युञ्जय स्तोत्र"मा भए जस्तै श्रीमद्भागवतको आठौं स्कन्धको तृतिय अध्यायमा "गजेन्द्र स्तुति" पनि ॐ कार स्वरूप भगवानकै भएकोले "गजेन्द्रमोक्ष" को समेत अनुवाद गरी भक्तहरू समक्ष पुऱ्याउने मनसुवा हुन जाँदा यसैमा उल्लेख गरेको छु ।

गजेन्द्र पुर्वजन्ममा द्रविड देशको पाण्डयवंशी राजा थिए । उनको नाम इन्द्रधुम्न थियो । राजाज्यादै धर्मात्मा र तपस्वी थिए । एक पटक राजाइन्द्रधुम्नले आफ्नो उत्तराधिकारीलाई नसुम्पिइकन राजपाठ यसै छाडेर जंगलमा गई जटाजुट धारणागरी तपस्वी सरह एकान्तमा वसी उपासना गरिरहेका थिए । दैवको प्रेरणावश भगवान अगस्त्यमूनि त्यहिं आइ पुगनु भयो र राजासँग रिसाउनु भयो ।

राजा ! तिमिले आफ्नो कर्तव्य पालना गरेनौ । राजाले गर्नुपर्ने

काम त प्रजा पालन र गृहस्थोचित अतिथि सेवानै थियो तर तिमीले ढोंग रचेर तपस्या गर्न आयौ । कर्तव्य पालन नगरीकन गरेको तपस्या स्वांग मात्र हुन्छ तप हुँदैन । त्यसैले तिमीले घोर अज्ञानमय हात्तीको योनिलिनु पर्नेछ भनी श्राप गरी अगस्त्यमूनि फर्किनु भयो ।

कर्तव्य पालन नभएको कारणले राजा हात्ती भएर जन्मिएतापनि धर्मात्मा र प्रभूकै उपाशनामा मग्न भएका कारण पुर्वजन्मको भगवत् स्मृति भने हात्तीमै पनि रहि रह्यो ।

गज हात्तीको राजा थिए । त्यसैले उनलाई गजेन्द्र भनिन्थ्यो । उनी जन्मिएको जंगल ज्यादै रमणिय थियो । फलफूल र अनुपम प्राकृतिक लताहरूको सौन्दर्यले परिपूर्ण भएको थियो । त्यसै जंगलको विचमा स्वच्छ पानी भएको सरोवर पनि थियो ।

गर्मिको समय भएकोले एकदिन गजेन्द्रले आफ्नो ढोई र परिवार सहित त्यसै सरोवरमा गई पानी खाएर आफ्ना आफ्ना सुँडले पानी छ्यापाछ्याप गरी आनन्दका साथ खेल्दै गरेको अवस्थामा एउटा वलवान ग्राहले गजेन्द्रको पाउ पक्डियो । गजेन्द्र एउटाले मात्र छुटाउन नसकी त्यहाँ रहेका सम्पूर्ण गज परिवार साथिहरू आए कसैको केहि लागेन । गजेन्द्रको शक्ति पनि ज्यादै क्षीण भयो । भगवत कृपाबाटै उसलाई झट्ट पुर्वजन्मको भगवत् स्मृति भयो । अहो ! यो सांसारिक कालरूप ग्राह ज्यादै वलियो छ । आफुसँग शक्ति, स्फूर्ति र परिवारिक वल र घमण्ड छुउञ्जेल भगवानको स्मरणनै गर्दैन । स्तुति गर्ने र शरण पर्ने त कुरै छैन । आज मलाई पनि काल गतिको चक्रले घुमाएको छ । पशु भइसक्दा पनि मस्त परेको रहेछु । भक्तवत्सल परमातमा प्रभू एकमात्र आश्रय हुनुहुन्छ । आज म वहाँकै शरण पर्दछु । भयंकर र वलवान भएको काल पनि उनै परमातमा प्रभूको डरका कारण आफ्नो काम ठिक ठिक तवरले पुरा गर्दछ भने मेरो यो ग्राह रूप पासोको फन्दाबाट छुटाउन पनि उनै प्रभु सामर्थ्य हुनेछन् भन्ने गजेन्द्रका वुद्धिले दृढ निश्चय गरी स्तुति गर्न लाग्यो ।

गजेन्द्र मोक्ष

श्री शुक उवाचः-

१. एवं व्यवसितो बुद्धया समाधाय मनो हृदि ।
जजाप परमं जाप्यं प्राग्जन्मन्यनुशिक्षितम् ॥१॥

श्री शुक भन्नु हुन्छ-
पुर्वजन्ममा जानेको स्तोत्रको स्मरण गरेर एकाग्र मनले जप्न योग्य परमात्माको स्तुति गजेन्द्रले गर्न लागे ।

गजेन्द्र उवाचः-

२. ॐ नमो भगवते तस्मै यत एतच्चिदात्मकम् ।
पुरुषायादिबीजाय परेशायाभिधीमहि ॥२॥

गजेन्द्र भन्दछन्-
बीजबाट उत्पत्ति नभएका परमपुरुष जसको कारणले यो संसारमा चेतनाको विस्तार हुन्छ तिनै भगवत स्वरूप भगवानलाई नमस्कार गर्दै प्रेमले वहाँको ध्यान गर्दछु ।

३. यस्मिन्निदं यतश्चेदं येनेदं य इदं स्वयम् ।
योऽस्मातपरस्माच्च परस्तं प्रपद्ये स्वयम्भुवम् ॥३॥

यो विश्व जसमा अडेकोछ, जसबाट यो संसार बनेको छ, यस संसारमा जो प्रकाशमान छ, यो संसार रचिकन यसको कारणरूप, प्रकृतिबाट सर्वथा पर रहन्छ तापनि जीवहरूको आश्रय हुनुहुन्छ उनै स्वयंभू प्रभूको शरणमा पर्दछु ।

४. यः स्वात्मनीदं निजमाययार्पितं
क्वचिद्विभातं क्व च तत् तिरोहितम् ।
अविद्धदृक् साक्ष्युभयं तदीक्षते
स आत्ममूलोऽवतु मां परात्परः ॥४॥

यो संसार वहाँमै रहेको छ, वहाँकै सत्ताले प्रतित भै रहेको छ, वहाँनै यसमा व्याप्त हुनुहुन्छ र स्वयं वहाँनै प्रकटरूप हुनुहुन्छ । यस जगतको साक्षी भैकन आफू अवद्ध हुनुहुन्छ, कहि प्रकाश रूपमा कहि गुप्त रूपमा भएतापनि दुवै अवस्थाका साक्षीरूप र द्रष्टा भगवानको शरणमा पर्दछु ।

५. कालेन पञ्चत्वमितेषु कृत्स्नशो
लोकेषु पालेषु च सर्वहेतुषु ।
तमस्तदासीद् गहनं गभीरं
यस्तस्य पारेऽभिविराजते विभुः ॥५॥

कालको फेरोमा परेर इन्द्रादि, दिक्पाल समस्त नासिंदा अर्थात प्रलयको समयमा अत्यन्त अन्धकारले ढाक्तछ त्यस वखत

पनि अलग रहिरहने र भक्तको कल्याण गरिरहने प्रभु जो छ वहाँले नै मेरो रक्षा गर्नुहोस् ।

६. **न यस्य देवा ऋषयः पदं विदु-**
र्जन्तुः पुनः कोऽर्हति गन्तुमीरितुम् ।
यथा नटस्याकृतिभिर्विचेष्टतो
दुरत्ययानुक्रमणः स मावतु ॥६॥

वहाँको लीलाहरूको रहस्य जान्न ज्यादै कठिन छ । वहाँ नटुवाले जस्तो अनेक अनेकौं भेष धारण गर्नु हुन्छ । वहाँको वास्तविक स्वरूप जान्न न देवता न ऋषिले नै सकेको हुन्छ । वहाँसम्म पुग्न र वहाँको वर्णन गर्न सक्ने कोहि छैन त्यहि प्रभुले मेरो रक्षा गर्नुहोस ।

७. **दिदृक्षवो यस्य पदं सुमङ्गलं**
विमुक्तसङ्गा मुनयः सुसाधवः ।
चरन्त्यलोकव्रतमव्रणं वने
भूतात्मभूताः सुहृदः स मे गतिः ॥७॥

जसको परम मंगलमय स्वरूपको दर्शन गर्नलाई महात्माहरू संसारका समस्त असक्तिहरू त्यागेर वनमा गई अखण्ड भावले व्रम्हचर्य आदि व्रतहरूको पालना गर्दछन् । आफ्नो आतमरामलाई सबैको हृदयमा विराजमान देखेर सबैको सक्दो

कल्याण गर्दछन् उनै आत्माराम भगवाननै मेरो गति हुनुहोस ।

८. न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ।
तथापि लोकाप्ययसम्भवाय यः
स्वमायया तान्यनुकालमृच्छति ॥८॥

वहाँको न जन्म छ न कर्म । गुण र दोषसँग वहाँको सम्बन्ध छैन तापनि संसारको सृष्टि, स्थिति र संहार गर्नलाई आफ्नो मायाको आश्रय लिएर प्रकट हुनुहुन्छ ।

९. तस्मै नमः परेशाय ब्रह्मणेऽनन्तशक्तये ।
अरूपायोरुरूपाय नम आश्चर्यकर्मणे ॥९॥

वहाँनै सर्व शक्तिमान सर्वेश्वर परब्रम्ह हुनुहुन्छ । वहाँ अरूप भएर पनि वहुरूप हुनुहुन्छ । वहाँको कर्म आश्चर्यमय छ वहाँलाई म नमस्कार गर्दछु ।

१०. नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ।
नमो गिरां विदूराय मनसश्चेतसामपि ॥१०॥

स्वयं प्रकाश सबैका साक्षी अमरआत्मालाई म नमस्कार

गर्दछु । मन वचन र चित्तले जसलाई स्पर्श गर्न सक्तैन तापनि तिनीहरूको ज्ञान स्वरूप छ उनै परमात्मालाई म नमस्कार गर्दछु ।

११. **सत्त्वेन प्रतिलभ्याय नैष्कर्म्येण विपश्चिता ।**
नमः कैवल्यनाथाय निर्वाणसुखसंविदे ॥११॥

विवेकी पुरुषले कर्म समर्पणद्वारा अन्तस्करण सुद्ध पारेर जसलाई प्राप्त गर्दछ, जो स्वयं मुक्त छ । निर्वाण सुख स्वरूप छ । अरूलाई कैवल्य मुक्तिदिन सामर्थ्य भएका परमात्मा प्रभुलाई नमस्कार गर्दछु ।

१२. **नमः शान्ताय घोराय मूढाय गुणधर्मिणे ।**
निर्विशेषाय साम्याय नमो ज्ञानघनाय च ॥१२॥

जो सत्व रज तम तीनै गुणाको धर्मलाई स्वीकार गरेर शान्त, घोर र मूढ अवस्था पनि धारण गर्नुहुन्छ तापनि सर्वत्र समभावले स्थित हुनुहुन्छ अर्थात उचो, निचो कोहि सानो ठूलो भन्ने भेद गर्नु हुन्न । विषयले वहाँलाई स्पर्श गर्नै सक्तैन । जुन अवस्थामा पनि समान रहने ज्ञानधन भगवानलाई म नमस्कार गर्दछु ।

१३. **क्षेत्रज्ञाय नमस्तुभ्यं सर्वाध्यक्षाय साक्षिणे ।**
पुरुषायात्ममूलाय मूलप्रकृतये नमः ॥१३॥

सवैप्राणीहरूको एक मात्र ज्ञाता, सबैको स्वामी र सर्वसाक्षी हुनुहुन्छ । हजुर स्वयं कारणरूप हुनुहुन्छ । पुरुष र मूल प्रकृतिको रूपमा पनि हजुर हुनु हुन्छ भने हजुरलाई म वारम्वार नमस्कार गर्दछु ।

१४. **सर्वेन्द्रियगुणद्रष्ट्रे सर्वप्रत्ययहेतवे ।**
असताच्छाययोक्ताय सदाभासाय ते नमः ॥१४॥

हजुर समस्त इन्द्रिय र त्यसको विषयहरूको द्रष्टा हुनुहुन्छ । संसारमा जे जति देखिन्छन् तिनीहरूको हेतु हुनुहुन्छ । असत वस्तुहरू र अहंकार आदि छायाँ रूप हजुरकै अस्तित्वद्वारा प्रकट हुन्छ । समस्त वस्तुहरूको सत्ताको रूपमा पनि हजुरनै प्रकाशित भइ रहनु भएको छ भने हजुरको चरणमा नमस्कार गर्दछु ।

१५. **नमो नमस्तेऽखिलकारणाय**
निष्कारणायाद्भुतकारणाय ।
सर्वागमाम्नायमहार्णवाय
नमोऽपवर्गाय परायणाय ॥१५॥

हजुर सबैको मूलकारण हुनुहुन्छ, हजुरको कारण कोहि छैन, कारण भएर पनि हजुरमा कुनै विकार छैन, हजुर अनौठो कारण रूप हुनुहुन्छ जस्तो समस्त नदी र झर्नाहरूको परम आश्रय समुद्र हो त्यस्तै हजुर समस्त वेद पुराण र शास्त्रहरूको

परमतात्पर्य र मोक्ष स्वरूप हुनुहुन्छ । त्यसैले समस्त सन्तहरू हजुरको शरण पर्दछन् भने म हजुरलाई नमस्कार गर्दै शरणमा पर्दछु ।

१६. गुणारणिच्छन्नचिदूष्मपाय
तत्क्षोभविस्फूर्जितमानसाय ।
नैष्कर्म्यभावेन विवर्जितागम-
स्वयंप्रकाशाय नमस्करोमि ॥१६॥

जस्तो यज्ञको काठमा अग्नि गुप्त रहन्छ त्यस्तै हजुरले आफ्नो ज्ञानको गुणहरूलाई मायाले ढाकिरहनु भएको छ । गुणहरूमा क्षौम (चाहना) भएपछि तिनिहरूद्वारा हजुर अनेक प्रकारका सृष्टि रचनालाई संकल्प गर्नु हुन्छ । जो व्यक्ति निस्काम भावले अथवा कर्मसन्यास द्वारा हजुरको शरणमा पर्दछ र आत्मतत्व भावनाले वेद शास्त्रादि देखि माथि उठ्दछ भने तिनिहरूको आत्मको रूपमा हजुर स्वयं प्रकाशित भइदिने हजुरलाई म नमस्कार गर्दछु ।

१७. मादृक्प्रपन्नपशुपाशविमोक्षणाय
मुक्ताय भूरिकरुणाय नमोलयाय ।
स्वांशेन सर्वतनुभृन्मनसि प्रतीत-
प्रत्यग्दृशे भगवते बृहते नमस्ते ॥१७॥

जस्तो कुनै दयालु व्यक्तिहरूले फन्दामा परेको पशुहरूको

वन्धन काटिदिन्छ त्यस्तै हजुरले पनि म जस्तै शरणागतहरूको फाँसीको डोरी काटिदिनु हुन्छ । हजुर नित्य मुक्त र परम कल्याणमय हुनु हुन्छ । भक्तहरूको कल्याण गर्नमा हजुर कहिल्यै अल्छि गर्नु हुन्न । हजुरलाई म नमस्कार गर्दछु ।

१८. आत्मात्मजाप्तगृहवित्तजनेषु सक्तै-
र्दुष्प्रापणाय गुणसङ्गविवर्जिताय ।
मुक्तात्मभिः स्वहृदये परिभाविताय
ज्ञानात्मने भगवते नम ईश्वराय ॥१८॥

आफ्नो अंशद्वारा समस्त प्राणीहरूको हृदयमा अन्तरात्माको रूपमा हजुर वसीरहनु हुन्छ । संसारिक भौतिक पदार्थ (धन, पुत्रादि) मा आशक्त रहेका व्यक्तिले हजुरलाई पाउन अति कठिन छ किनकि हजुर आफैं गुँणहरूको सँग रहित अथवा निर्गुण हुनुहुन्छ । जीवनमूक्त पुरुषले आफ्नो हृदयमा हजुर ज्ञान स्वरूप भगवानको निरन्तर चिन्तन गरिरहन्छ । त्यहि इश्वरलाई म नमस्कार गर्दछु ।

१९. यं धर्मकामार्थविमुक्तिकामा
भजन्त इष्टां गतिमाप्नुवन्ति ।
किम्त्वाशिषो रात्यपि देहमव्ययं
करोतु मेऽदभ्रदयो विमोक्षणम् ॥१९॥

मानिसहरू धर्म, अर्थ र मोक्षको कामनाले वहाँकै भजन गरेर

आफ्नो अभिष्ट फल प्राप्त गर्दछन् । त्यतिमात्र होइन वहाँले तिनिहरूलाई सबै प्रकारको सुख दिनु हुन्छ र आफ्नो जस्तै अविनाशी पार्षद शरीर समेत दिनु हुन्छ त्यहि दयालु प्रभुले मेरो उद्धार गर्नुहोस ।

२०. एकान्तिनो यस्य न कञ्चनार्थं
वाञ्छन्ति ये वै भगवत्प्रपन्नाः ।
अत्यद्भुतं तच्चरितं सुमङ्गलं
गायन्त आनन्दसमुद्रमग्नाः ॥२०॥

अनन्य प्रेमी भक्तले एकान्तमा बसेर भगवानलाई प्राप्त गर्दछ र कुनै पनि संसारिक वस्तुको अभिलाषा राख्दैन । यहाँसम्म की मोक्ष समेत माग्दैन । केवल प्रमूको दिव्य मङ्गलमय लीलाहरूको गायन गर्दै आनन्दको समुद्रमा डुवीरहन्छ ।

२१. तमक्षरं ब्रह्म परं परेश-
मव्यक्तमाध्यात्मिकयोगगम्यम् ।
अतीन्द्रियं सूक्ष्ममिवातिदूर-
मनन्तमाद्यं परिपूर्णमीडे ॥२१॥

जो अविनाशी, सर्वसक्तिमान, अव्यक्त छ इन्द्रियहरूको पर भैकन अति सानो छ, जो अति नजिक अर्थात आफुसँगै रहेर पनि धेरै टाढा देखिनु हुन्छ । जसलाई अध्यात्मिक योग अर्थात् भक्ति योग वा ज्ञान योगद्वारा प्राप्त गर्न सकिन्छ उनै

अनन्त परिपूर्ण परव्रम्ह परमात्माको म स्तुति गर्दछु ।

२२. **यस्य ब्रह्मादयो देवा वेदा लोकाश्चराचराः ।**
नामरूपविभेदेन फल्व्या च कलया कृताः ॥२२॥

जसको अत्यन्त सानो र सुक्ष्म कलाले अनेक नाम रूपका भेद भावले युक्त व्रम्हादि देवता, वेद, चराचर जगतको सृष्टि भएको छ उनै परमात्मा प्रभूलाई म नमस्कार गर्दछु ।

२३. **यथार्चिषोग्नेः सवितुर्गभस्तयो**
निर्यान्ति संयान्त्यसकृत् स्वरोचिषः ।
तथा यतोऽयं गुणसंप्रवाहो
बुद्धिर्मनः खानि शरीरसर्गाः ॥२३॥

जस्तो दन्केको आगोबाट शिखाहरू र प्रकाशमान सूर्यबाट किरणहरू निस्कदै विलिन हुँदै गर्दछ त्यस्तै स्वयं प्रकाश परमात्माबाट इन्द्रियहरूको प्रवाहमा शरीर मन वुद्धि इन्द्रियहरू वारम्वार प्रकट हुँदै लीन हुँदै जान्छ अर्थात् जन्म र मरण भैरहन्छ ।

२४. **स वै न देवासुरमर्त्यतिर्यङ्**
न स्त्री न षण्ढो न पुमान्न जन्तुः ।
नायं गुणः कर्म न सन्न चासन्
निषेधशेषो जयतादशेष; ॥२४॥

ती भगवान देवता हो न असुर । वहाँ मानिस पनि होइन पशुपंक्षी पनि होइन। वहाँ न स्त्री हो न पुरुष न नपुंसक। वहाँ न गुण हुनुहुन्छ न कर्म न कार्य हुनुहुन्छ न कारणनै । सबैको निषेध भए पछि जे जति वच्दछ त्यहि नै वहाँको स्वरूप हो अर्थात प्रलयको समयमा पनि जो रहन्छ वहाँनै सबैकुरो हो त्यहि प्रमूले मेरो उद्धार गरोस ।

२५. जिजीविषे नाहमिहामुया कि-
मन्तर्बहिश्चावृतयेभयोन्या ।
इच्छामि कालेन न यस्य विप्लव-
स्तस्यात्मलोकावरणस्य मोक्षम् ॥२५॥

म वाँच्न चाहन्न । यो हात्तीको योनि कस्तो छ भने भित्र वाहिर सबैतिर अज्ञानरूप आवरणले ढाकिएको काग धपाउने पुतला (जिजिवेषे) जस्तो छ यसलाई राखेर नै मैले के गर्नु छ ? म त यो अज्ञान रूप आवरणबाट छुट्न चाहन्छु । जसलाई काल चक्रले छुटाउन सक्तैन, भगवत कृपा अथवा तत्वज्ञानबाट मात्र छुटदछ ।

२६. सोऽहं विश्वसृजं विश्वमविश्वं विश्ववेदसम् ।
विश्वात्मानमजं ब्रह्म प्रणतोस्मि परं पदम् ॥२६॥

म त्यो आत्मारामको शरणमा पर्दछु जो विश्व रहित भएर पनि विश्वरूप र विश्वको रचयिता छ र जो अन्तरात्माको

रूपमा विश्वमा क्रिडा समेत गरिरहनु हुन्छ त्यस्ता अजन्मा परमपद स्वरूप व्रम्हलाई म नमस्कार गर्दछु ।

२७. योगरन्धितकर्माणो हृदि योगविभाविते ।
योगिनो यं प्रपश्यन्ति योगेशं तं नतोऽस्म्यहम् ॥२७॥

योगीहरूले योगद्वारा कर्मवासना र कर्मफललाई भस्म गरेर आफ्नो सुद्ध हृदयमा जुन योगेश्वर भगवानको साक्षात्कार गरीरहन्छन् त्यहि योगेश्वर भगवानलाई म नमस्कार गर्दछु ।

२८. नमो नमस्तुभ्यमसह्यवेग-
शक्तित्रयायाखिलधीगुणाय ।
प्रपन्नपालाय दुरन्तशक्तये
कदीन्द्रियाणामनवाप्य वर्त्मने ॥२८॥

हजुरको तीन शक्तिहरू सत्व, रज, तमको रागादिवेग असह्य छ । समस्त इन्द्रियहरूको र मनको विषयहरूको रूपमा पनि हजुरनै प्रतित भैरहनु भएको छ । त्यसैले जसको इन्द्रियहरू वसमा छैनन् र अहंपना छुटेको छैन भने त्यसले हजुरलाई पाउने बाटोसम्म पनि भेट्टाउन सक्तैन ।

२९. नायं वेद स्वमात्मानं यच्छक्त्याहंधिया हतम् ।
तं दुरत्ययमाहात्म्यं भगवन्तमितोऽस्म्यहम् ॥२९॥

हजुरको माया अहं वुद्धिले आत्माको स्वरूप ढाकिएको छ । त्यसैले जीवले आफ्नो स्वरूपलाई जान्न सक्तैन । हजुरको महिमा अपार छ त्यस्ता महात्मा, सर्वसक्तिमान माधुर्यनिधि भगवानको म शरणमा पर्दछु ।

श्री शुक उवाच

३०. एवं गजेन्द्रमुपवर्णितनिर्विशेषं
ब्रह्मादयो विविधलिङ्गभिदाभिमानाः ।
नैते यदोपससुपुर्निखिलात्मकत्वात्
तत्राखिलामरमयो हरिराविरासीत् ॥३०॥

श्री शुक भन्नु हुन्छ, हे परिक्षित ।
गजेन्द्रले कुनै भेद भाव नलिएर निर्विशेष भएर स्तुति गरेको थियो त्यसैले भिन्न भिन्न नाम रूपलाई मान्ने व्रम्हादि देवता गजेन्द्रलाई रक्षा गर्नु आएनन् । सर्वात्मा भएको कारणले सर्वदेव ॐ (ओमकार) स्वरूप स्वयं भगवान श्रीहरि प्रकट हुनुभयो ।

३१. तं तद्वदात्तमुपलभ्य जगन्निवासः
स्तोत्रं निशम्य दिविजैः सह संस्तुवद्भिः ।
छन्दोमयेन गरुडेन समुह्यमान-
श्चक्रायुधोऽभ्यगमदाशु यतो गजेन्द्रः ॥३१॥

विश्वको एक मात्र आधार भगवान श्री हरिले गजेन्द्र अत्यन्त पीडित भइरहेको देख्नु भयो । गजको स्तुति सुनेर भगवान हरिले वेदमय गरूडमा सावर भै वडो छिटो वेगले गजेन्द्र भएको ठाउँमा पुग्नु भयो । जहाँ गजेन्द्र अत्यन्त शंकटमा परेको थियो । अरू देवताहरू पनि भगवानको स्तुति गर्दै त्यहि आए ।

३२. सोऽन्तःसरस्युरुबलेन गृहीत आर्तो
दृष्ट्वा गरुत्मति हरिं ख उपात्तचक्रम् ।
उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्
नारायणखिलगुरो भगवन्नमस्ते ॥३२॥

सरोवर भित्र वलवान ग्राहले गजेन्द्रलाई समातिरहेको थियो । गजेन्द्र ज्यादै व्याकुल भएको थियो । हातमा चक्र लिएका गरूडमा सवार भएका भगवान श्रीहरिलाई आकाश मार्गमा देखेर हात्तीले आफ्नो सुँडले एउटा सुन्दर कमलको फूल टिपेर माथि उठाइ वडो कष्टले वोल्यो नारायण ! जगद्गुरु ! भगवान ! हजुरलाई नमस्कार छ ।

३३. तं वीक्ष्य पीडितमजः सहसावतीर्य
सग्राहमाशु सरसः कृपयोज्जहार ।
ग्राहाद् विपाटितमुखादरिणा गजेन्द्रं
संपश्यतां हरिरमूमुचदुस्रियाणाम् ॥३३॥

ती गजेन्द्रलाई पीडा भएको देखेर सहसा भगवान गरूडबाट ओर्लनु भयो र कृपा गरेर गजेन्द्रको साथै ग्राहलाई पनि तलाउवाट वाहिर निकाल्नु भयो र सवै देवताहरूको अगाडि भगवान श्री हरिले चक्रले ग्राहको मूख च्यातिदिनु भयो र गजेन्द्रको उद्धार गर्नु भयो ।

ॐ हरये नमः

"श्लोकवद्ध भाषामा"

कैवल्य पद पुग्न कुन प्रभुजीको गर्नु स्मरण लौ भनी
गजेन्द्र स्तुति स्तोत्र मोक्षपद त्यो आयो प्रकाशमा पनि ।
श्रीमद्‌भागवतम् पुराण कथितं गजेन्द्र स्तुतिस्मृतम्
भन्नु भो शुकले परिक्षित कनै उद्धार मार्गे हितम् ॥

नाउँ इन्द्रधुम्न थियो एक नृपको थिए तपस्वी अति
योगीझैं वनमा गएर तपमा जुटे कठोरै भई ।
प्रजापालनको कर्तव्य नहुँदा अराज धर्मे बुझी
पाल्नु भो वनमा अगस्त्य मूनिनै श्राप्नु भयो त्यसपछि ॥

हे राजा ! तिमी राजकाज गतिको धन्दा नसुम्पिकन
आयौकिन ? तपस्वी झैं हुन भनी स्वागै भयो यसकन ।
हात्ती हुन परोस भनिकन मूनि फर्कि गए त्यसपछि
त्यसै जंगलमा जनम् हुन गयो ती राज हात्ती वनी ॥

वाक्लो जंगलमा ती रूखलहरा शोभाय दिन्थे अति
फल्थे आँप अनार आरू फल ती अम्बा र स्याउ पनि ।
खान्थे त्यै फलफूल हात्ती परिवार खेल्थे र रम्थे अनि
वित्थ्यो दिन त्यसैगरी ती गजको भोगे भौतिक सुखजति ॥

जंगलका विचमा सरोवर थियो पानी थियो निर्मल
गर्मीले गजलाई प्यास अतिनै बढ्दो भयो तत्क्षण ।
ढोइ र परिवारलाई सँगमा लिई तलाउमा पुगे ।
पिए पानी र खेल्दथ्ये ती सुँडले पानी छ्यापाछ्याप गरे ॥

बस्थ्यो एकवलबान ग्राह त्यहिनै पक्डयो र पाउपनि
सकेनन् गजले छुटाउन त्यसै आतुर भए ती अति ।
ताने सव परिवारले वल यसै क्षणमै विनाश भैगए
संसारीक गती यै रहेछ भनेर गजेन्द्र वुझ्दा भए ।

१. आपदको घडिमा स्मरण हुन गयो पुर्वैजनम्को तप ।
थाले गर्न स्तुति परी शरणमा एकाग्र मनले जप ॥
गजेन्द्रस्तुति गर्दछन्:-

२. जसको कारणबाट हुन्छ भवमा विस्तार चैतन्यको ।
प्रेमले ध्यान म गर्छु आज प्रभुको उनै दिवीजायको ॥

३. जसमा अडदछ विश्व, रच्दछ जगत, आँफै प्रकाशमान छ जो ।
यो संसार रची सर्वथा पर हुने आश्रय हुन् जीवको ॥

४. सत्ताले प्रभुको संसार हुन गयो अवद्ध साक्षी ती हुन् ।
आफै व्याप्त भई यसै जगतमा ती गुप्त द्रस्टा स्वयम् ॥

५. सृष्टिमा स्थितिमा महाप्रलयमा ननासिने वस्तु जो
भक्तैको उपकारमा जुटिदिने शरण दिने नाथ हो ॥

६. लीला ती प्रभुको रहस्यमय छन् बुझ्नै नसक्ने अती ।
धारण गर्छ अनेक भेष रूप ती नाटक गरेझैं कती ।
वास्तवमा रूपजान्नलाई न मूनि न देब जान्दा भए ।
वर्णन गर्न तथा प्रभूपदमहा पुग्नै नसक्दै गए ॥

७. दर्शन गर्न भनी परम ती पदको मांगल्य त्यो अङ्गको
वस्छन् जंगलमा गएर मूनि ती त्यागी सवैसङ्ग जो ।
गर्छन व्रत जो असंख्य विधिले पाउँछन् विराजै हरि ।
देख्छन् ती आत्मराम प्रभुलाई सवमा समानै सरी ॥

८. नाम रूप छैन प्रभुको न त जन्म कर्म
गुँण द्वेष आदि पनि छैन न द्वैत भाव ।
माया प्रकट गरिकनै वसमा परेर
सृष्टि स्थिति गरिदिने प्रलयी भएर ॥

९. वहाँनै होइवक्सन्छ सर्वेश्वर र सर्वशक्तिमान ।
नमस्कार छ वहाँलाई अरूपाय सरूपवान ॥

१०. नमस्कार छ प्रभुलाई स्वयं आत्म प्रकाशको
इन्द्रियले स्पर्श गर्दैन उनैज्ञान परमात्मको ।

११. स्वयं मुक्त छ त्यो यसै सुख स्वरूप पवित्र आत्मा छ त्यो
अर्पेमा सब कर्म मोक्ष भइगो कैवल्य पद त्यै त हो ।
नीर्वाण सुख भन्नु जे जति थियो त्यो ता सबै प्राप्त भो ।
नमस्कार सदा म गर्दछु अनि पर्छु शरणमा अहो ।

१२. नमस्कार छ धेर धेर प्रभुमा घोर मुढ रूप शान्तमा ।
निर्विशेषाय साम्याय आफ्नो त्रीगुणा धर्ममा ॥

१३. सर्व शाक्षी परमआत्मा ज्ञाता स्वामी स्वयं प्रभु ।
आफुनै कारणरूप प्रकृती पुरुष विभु ।

१४. संसारी दृष्य वस्तुको द्रष्टा आफ्नै प्रकाशले ।
सत असत वस्तु आदिको सत्ता आफ्नै स्वरूपले ॥

१५. नमस्कार प्रभूलाई सत्यकारण रूपमा
विकार ता छुँदैछैन निर्विकार स्वरूपमा ।
आश्रय नदि नालाको झर्नाको समुद्र झैं ।
तात्पर्य वेदंशास्त्रको सर्वमूल हजुरनै ॥

१६. अग्निको गुण काठैमा गुप्त हुने भएसरी
ज्ञानको गुण लाइता मायाले ढाक्छ वेसरी ।
इच्छाले गुण भोग्नाको श्रृष्टि रच्छौ अनेक विभो ।
आत्मभावमा स्वयं प्रकाश शरण पर्छु मता प्रभो ।

१७. काट्दछौ फाँसीको डोरी दयालु काट्दछन् जसै ।
नित्यमूक्त प्रभुलेनै कल्याण गर्दछन् तसै ।

१८. आफ्नो अंशप्रकट गरेर रहने प्राणीहरूमा पनि
आशक्ति धन पुत्रमा छ त भने चिन्दैन आत्मा भनी ।
जीवनमूक्तहरू सदा हृदयमा ध्यान गर्दछन् हे प्रभो ।
नमस्कार सदा म गर्दछु प्रभो हजुर आत्मा विभो ॥

१९. धर्म अर्थ र मोक्षको विषयली मानिस भजन गर्दछन्
त्यहि फल प्रभुले मिलाउनु हुने उनकै शरण पर्दछन् ।
भक्तलाई सदा सुखै दी रहने कैवल्यमूक्ति दिने
त्यहि आत्म अनन्त पद प्रभुजीको सदा नमस्कार गरौं ॥

२०. अनन्य प्रेमी भक्तैले एकान्तैमा वसिकन ।
मोक्ष समेत माग्दैन वैरागी विषयीकन ।
लीला मंगलको गायन गर्छन् ती भक्तले अति ।
आनन्द सागरमा डुव्दछन् सुधार्छन् उनकै गति ॥

२१. अविनाशी र अव्यक्त मन वुद्धि देखि ती पर
आफूसँग रहेपनि धेरै दुर्लभ अव्यय ।
अनन्य भक्ति योगै र ज्ञानयोगमा शुलभ छ जो
त्यहि परिपूर्ण आत्माको शरण पर्छु मता प्रभो ॥

२२. कलाले सुक्ष्म सानो त्यो नामरूपका चराचर ।
वन्यो जगत ब्रम्हाण्डै सृष्टि रूपमा सरासर ॥

२३. निस्कदै विलिन हुन्छन् सूर्यका किरण जसै
जन्म मरण हुनें गर्छ संसारमा प्राणीको तसै ।

२४. न देव हो न ता मानिस न अशुर पशु नहो
न स्त्री हुन् न पुरुष नता कर्म नकारणै ।
श्रृष्टिको पहिले जोथ्यो प्रलयमा रहन्छ जो
उद्धार गर्नमा मेरो प्रकट होओस त्यहि प्रभो ॥

२५. वाच्नता म त चाहन्न अज्ञानरूप हात्ती यो
अज्ञानले ज्ञान छोपेको पुतला रूप योनी हो ।
कालचक्रले छुटाउन सक्तैन केवल भगवत कृपा
अथवा तत्व ज्ञानैले भगवानकै दया हुँदा ॥

२६. विश्व रहित भैकन विश्वरूप छन् उनै प्रभो
विश्वकै रचयिता भै आत्ममा खेल्दछन् अहो ।
त्यस्ता अजन्मा परम पदको सदा ध्यान म गर्दछु
नायक अनन्तकोटीको शरण ऐले म पर्दछु ॥

२७. योगीले योगद्वारा जसको दर्शन पाउँछन्
उनकै भरमा पर्दै कर्मको वास त्यागदछन् ।
योगीले सुद्ध भावैमा जसको साक्षात्कार गर्दछन् ।
उनै योगेश्वरले मेरो आज रक्षा गरिदिउन् ॥

२८. सत्व, रज, तम गुणको सक्तिको वेगमा परी ।
अहंपना रहेको छ छुटाउलौ कृपा गरी ॥

२९. आत्माको स्वरूप ढाकिन्छ मायाको फेरमा परी
आफ्नो स्वरूप जान्दैन जीवले भुल्छ त्यसघरी ।
अपार छ महिमा तिम्रो सदा शरण म पर्दछु
माधुर्यनिधी भगवानको नमस्कार म गर्दछु ॥
श्री शुक भन्नुहुन्छ-
३०. गजेन्द्रले स्तुति गरे प्रभु निरञ्जन निराकारको
एक भावमा मन दिएर सर्व देव सर्वात्मको ॥

३१. भक्तको दुःख बुझेर भगवानले झट्ट सोच्नु भो ।
प्रभु स्वयं प्रकट भई गरूडको वेग मन्द ठान्नु भो ॥

३२. विश्वाधार भगवानको ज्ञानमय गरूडमा सवार भो
गजले देखे आकाशमा नमस्कार गरे अहो ।
टिपे सुँडले कमलको फूल चढाए प्रभुकन ।
वडो कस्टले वोले नारायण ! भनिकन ॥

३३. गजको अवस्था अति कस्टमा थियो
चक्रै चलाई अनि ग्राह मार्नु भो ।
गजेन्द्रलाई पद मोक्ष दिनु भो
उद्धार गरेर प्रभु धाम पाल्नु भो ॥

ॐ हरये नमः

उपसंहार

श्रृष्टिको पहिले निरञ्जन, निराकार, उपाधि रहित सत्‌चित आनन्द रूपी भगवाननै व्याप्त हुनु हुन्थ्यो। ज्ञानीहरू उनै परमात्मा इश्वरलाई नै "ब्रम्ह" भन्दछन्। ध्यानीहरू ॐ (ओम) कार भन्दछन्। भक्तहरू भगवान भन्दछन्- वहाँमा साकार हुने इच्छा शक्ति प्रकट हुँदा ज्ञान शक्तिद्वारा निरोपण गरेर मायासँगको कार्यशक्तिले सत्व, रज, तम आदि गुणाँहरूको आश्रय लिएर ब्रम्हा, विष्णु, महेश्वरको रूप लिनु भयो र श्रृष्टि स्थिति तथा संहार गर्ने काममा संलग्न हुनु भयो। शक्तिमाता पनि तीनै गुणमा विभाजन भई सरस्वती, लक्ष्मी, पार्वती आदि हुनु भयो।

ब्रम्हाद्वारा श्रृष्टि शुरू हुँदा सबैभन्दा पहिले स्वायंभुव मनु र शतरूपाको जन्म भयो। यस ब्रमाण्डको श्रृष्टिको साथै भगवानकै अंशद्वारा आफ्नो माया फैलाएर चराचर जगतको श्रृष्टि गर्नु भयो। सूर्य, चन्द्र, वायु, पृथ्वी, नदी, वनस्पति र जीव जन्तु आदिपनि आफ्नो आफ्नो स्वभाव अनुसारको कर्ममा व्यस्त रहन थाले। यसरी गुँणको आश्रय लिएर स्वभाविक कर्म गर्नुलाई नै धर्म भनिन्छ।

युग प्रबर्तक भगवानले प्रत्येक युगमा अवतारहरू धारण गरेर साधुजन तथा भक्तहरूको रक्षा र दुष्टहरूको विनाश गर्नु हुन्छ। सत्य युगमा धेरै जसो मानिसहरू सत्यवादी हुन्थ्ये। तप गर्नु प्रधान धर्म मानिन्थ्यो। त्रेता युगमा यज्ञलाई सर्वोपरी धर्म मानेर राजाहरूले पनि अश्वमेघ, राजशुय, सोमयाग वाजपेयी, अग्निहोत्र जस्ता वैदिक यज्ञहरू गर्दथे। द्वापरमा भक्तिलाई नै श्रेष्ट धर्म मानिन्थ्यो भने कलिको धर्म भजन कीर्तन, स्तोत्र पाठ र स्तुतिलाई श्रेय दिइएको छ। श्रीमद्‌भागवतको द्वादश स्कन्धमा र अन्य पुराणहरूमा कलियुगको

गति निम्न अनुसार हुनेछ भनी वताइएको यस प्रकारको छ ।

निर्विया पृथ्वी निरौषधि रसा नीचामहत्वंगता
भुपाल निरधर्मकर्म रहिता विप्राकुमार्गे लता ।
मार्या भर्तु विरोधनी पररता पुत्रा पितुं द्वेषिता
हा कष्टंखलु वर्तते कलियुगे धन्यंमृतासंस्थिता ॥

कलियुगमा पृथ्वीले राम्रो अन्न र फल दिन्नन् औषधीमा रस (तागत) हुँदैन वाहुनहरू कुमार्गमा लाग्नेछन् आफ्नो आचरणमा वस्ने छैनन् मानिसहरू प्राय फटाहा र लुटाहा हुनेछन्, नीच व्यक्तिले उच्चपद ओगट्ने छन्, दाजु भाइमा द्वेष र इर्ष्या बढ्दछ । स्वास्नीले लोग्नेलाई टेर्दिन, छोराले वावु आमालाई आदर गर्दैन भनिएको छ । उक्त श्लोकहरूबाट उक्त कुरा लेखिएतापनि कलिसँगै सत्यपनि रहने हुनाले मानिसले आफ्नो आचरण र स्वभावद्वारा सत्वगुणलाइ नै अपनाएर आध्यात्मिक अनुसन्धानद्वारा त्यज्यवस्तुहरू (छोडन लायक) लाई त्यागेर ग्राह्य वस्तुलाई अपनाई भक्ति योग, कर्म योग तथा ज्ञान योगद्वारा आफ्नो जीवन शार्थक वनाई परिवार, समाज र देशको समेत रक्षा गर्न सक्तछन् ।

वेदमा उल्लेख भएको छ (६) वटा शत्रु र आठवटा पासोहरू छन् तिनलाई त्याग गर भनिएको छ ती हुन्-

काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, घृणा, लज्जा, भय, शंका युगुप्सा (चुक्ली), मान, शील, कूल आदि अहंकार नत्यागेमा यी पासोले अन्धकारमय नरकको खाडलमा पार्दछन् ।

कामलाई वोको र क्रोधलाई हान्ने राँगोको उपमा दिएर यस्ता

वस्तुलाई वलि चढाउ (छोडिदेउ) र तिमी प्रभुको शरणमा जाउ भनिएकोमा राँगो, बोको आदिलाई नै मन्दिरमा लगी रेटेर खाने गरेकोले धर्ममा विकृती पैदा भएको छ ।

मानिसहरू जन्मिएपछि सानै उमेर देखि म को हुँ कहाँबाट आएँ र कहाँ जानुछ भन्ने कुराको सोच गरेर सत्य, शौचमा रही यम नियमहरूको पालना गर्दै सम, दम, दया, धर्म, क्षमा शहनशिलता अपनाएर जीवनमा परिआएको कर्म गर्दै रहनाले कलिले छुन त के हेर्नसम्मपनि सक्ने छैन । आचरणरहित व्यक्तिले मात्र कलि निम्त्याएका छन् ।

यो पनि भनिएको छ क्षमावरावर तपछैन । सन्तोष वरावरको अरू सुख छैन, आशा वरावरको पासो अरू छैन । तृष्णा वरावरको व्याधि अरू छैन, दया भन्दा ठूलो धर्म अरू छैन ।

रुद्रस्तुतिमा भनिएको छ "तन्मेमन शिवसंङ्कल्पमस्तु" । हे मन ! तँ केवल भगवान शिवको शरण पर । हे मन ! तँ एक्लै आइस एक्लै जानु छ त्यसवेला तँलाई कसैले साथ दिने छैन । भगवानको शरण विना तेरो मोह र अहंकार नाश हुने छैन । यसरी भगवानको भक्तिले भगवानकै कृपाद्वारा मोक्ष प्राप्त हुन्छ । अहंकारको पर्दा खोलेर सर्वव्यापी भगवानलाई देख्न सकिन्छ । एकान्त भक्ति गर्नु मानिसको निजी स्वार्थ हो ।

भगवान भन्नु हुन्छ- "सर्वधर्मान्परित्यज्य मामेकं शरणंव्रज"

अस्तु



लेखिका

श्रीमती इन्दिरा कोइराला

पिताः- पं. नारायणप्रसाद चालिसे

माताः- श्रीमती लक्ष्मीदेवी चालिसे

जन्मस्थानः- जोरपाटी व्यासिगाउँ, काठमाडौं ।

स्थायी वासस्थानः- चावहिल "शान्ति गोरेटो" काठमाडौं,
फोन नं. ४७९६०५ ।

शिक्षाः- प्रमाणपत्र स्तर

प्रकाशित कृतिः- "अध्यात्म उपदेश तथा पाञ्चायन महिमा"

परिवारः- पति र दुइ छोराहरू ।

रूचीः- धर्मशास्त्रहरूको अध्ययन/आध्यात्मिक चिन्तन ।

चासोः- माता, पिता, गुरुहरू, वन्धुहरू परिवार तथा अतिथिहरूको सेवा ।